# नेपाल विद्युत प्राधिकरण

'उज्यालो नेपालको संवाहक'

(नेपाल सरकारको स्वामित्व)

## प्रशासन निर्देशनालय

### जनसाधन विभाग

सुशासन व्यवस्थापन महाशाखा

पत्र संख्याः २०८२/०८३ (सु.व्य.म.) च.नं: ३६०

मिति २०८२/१०/२२

श्री अर्थ निर्देशनालय, ने.वि.प्रा.।
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय, ने.वि.प्रा.।
श्री प्रशारण निर्देशनालय, ने.वि.प्रा.।
श्री उत्पादन निर्देशनालय, ने.वि.प्रा.।
श्री आयोजना व्यवस्थापन निर्देशनालय, ने.वि.प्रा.।
श्री योजना अनुगमन तथा प्रविधि निर्देशनालय, ने.वि.प्रा.।
श्री इञ्जिनियरिङ्ग सेवा निर्देशनालय, ने. वि. प्रा.।
श्री व्यवसाय विकास निर्देशनालय, ने.वि.प्रा.।

विषयः सामाजिक संजालको प्रयोग सम्वन्धमा ।

नेपाल विद्युत प्राधिकरणमा कार्यरत कमर्चारीहरुले नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावली २०७५ (सं.स.) को परिच्छेद १३ मा भएको आचरण सम्वन्धी व्यवस्थाको पालना सबै कर्मचारीहरूको दायित्व हुनेछ । तर पछिल्लो समय सामाजिक संचालमा तथ्य प्रमाणीत नभएका, काल्पनिक र समाज तथा कार्यालयहरुको प्रतिष्ठामा आँच पुग्ने गरी सामाजिक संजाल तथा संचार माध्याममा नकारात्मक प्रभाव बढाउने पोष्ट तथा प्रतिकृयाहरु र कार्यालयका पत्रहरु राख्ने प्रबृति बढेको पाईएको छ । नेपाल विद्युत प्राधिकरणमा कार्यरत कर्मचारीहरुमा त्यस प्रकारको प्रबृति निरुत्साहित गरी सामाजिक संजालको प्रयोगलाई मर्यादित, व्यवस्थित र रचनात्मक बनाउन सबै पक्षको सकारात्मक भूमिका आवश्यक रहेको छ ।

तसर्थ: प्राधिकरणमा कार्यरत कर्मचारीहरुले नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली २०७५ (संशोधन सहित) मा व्यवस्था भए बमोजिमको आचरणको उल्लङ्घन हुने गरी सामाजिक संजालहरुमा कार्यालयको पत्र तथा अन्य अनावश्यक पोष्टहरू नराख्न सूचित गर्दै त्यस्ता पोष्टहरू राखेमा वा प्रतिकृया दिएमा त्यस्ता कर्मचारीहरुको विवरण संकलन गरी ऐ. विनियममा व्यवस्था भए बमोजिम विभागीय कारवाही समेत गरिने व्यहोरा उपकार्यकारी निर्देशकज्यू (प्रशासन) को मिति २०८२/१०/२१ को निर्णयानुसार अनुरोध छ ।

(नारायण प्रसाद आचार्य)
सह-निर्देशक

वोधार्थः
श्री सूचना प्रविधि विभाग, ने.वि.प्रा. : ने.वि.प्रा. को Website मा राखिदिनु हुन ।

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं

प्रशासन निर्देशनालय
प्रमुख ☎ ०१-४१५३०११ (आ.१२०५)
पि.ए. ☎ ०१-४१५३०१० (आ.१२०६)
इमेल: administration@nea.org.np

जनसाधन विभाग
प्रमुख ☎ ०१-४१५३००३ (आ.११०१)
पि.ए. ☎ ०१-४१५३००२ (आ.१२०८)
इमेल: hrd@nea.org.np

कर्मचारी प्रशासन महाशाखा
प्रमुख ☎ ०१-४१५३००१ (आ.१००१)
पि.ए. ☎ (आ.१००९)
इमेल: admindiv@nea.org.np

केन्द्रीय कर्मचारी प्रशासन शाखा
प्रमुख ☎ ०१-४१५३००६ (आ.१००७)
पि.ए. ☎ (आ.१००९)
इमेल: centraladmin@nea.org.np

कम्प्युटर कक्षः ☎ ०१-४१५३०००, (आन्तरिक १००६)